माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**आज मिति २०७८ साल कार्तिक ०७ गते माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल तथा निर्णय गरियो ।**

प्रस्तावहरु

१. सार्वजनिक निर्माण संग सम्बन्धित आयोजना कार्यान्वयन सम्बन्धमा ।

२. पर्देश शर्सत अनुदान सम्बन्धमा ।

३. ठेक्का प्रणालि मार्फत आयोजना कार्यान्वयन सम्ब्रन्धमा ।

४."घ" वर्गको ठेक्का इजाजत सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं.१:-प्रस्ताव १ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ मा संघिय सरकार,प्रदेश सरकार र आन्तरिक श्रोतबाट प्रास समानिकरण अनुदान शसर्त अनुदान,विशेष अनुदानमा प्रास वजेट तथा कार्यक्रमहरु मध्ये सार्वजनिक निर्माण संग सम्बन्धित रु.५ लाख भन्दा बढि लागत अनुमानका आयोजनाहरु जहा उपभोक्ता समितिको नगद वा जनश्रमदान नहुने र हेभि मेसिनहरुको पर्योग गर्नुपर्ने खालका सम्पूर्ण आयोजनाहरु सार्वजनिक खरिद ऐन तथा नियमावलि बमोजिम ठेक्का प्रणाली मार्फत संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.२:-प्रस्ताव २ माथि छलफल गर्दा लुम्बिनी प्रदेश सरकार शसर्त अनुदानमा प्रास वजेट तथा कार्यक्रमहरु स्विकृत भइ गाउँपालिकाको रातो किताबमा समेत समावेश भइ आयोजनाहरु कार्यान्वयन समेतमा आइसकेका,खानेपानीका आयोजनाहरु क्रमागत आयोजनाहरु भएकाले ति आयोजनाहरु अनिवार्य रुपमा सम्पन्न गर्नु पर्नेमा प्रदेश सरकारले शसर्त अनुदानका सम्पुर्ण आयोजनाहरु कटाइ नयाँ आयोजनाहरु आएकाले कार्यान्वयनमा आएका र क्रमागत आयोजनाहरुलाई वजेटको सूनिश्चितता गर्न श्रोतको खोजि गर्ने निर्णय गरियो ।

निर्णय नं.३:-प्रस्ताव ३ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ वार्षिक स्विकृत कार्यक्रम अनुसार तपशिल बमोजिमका आयोजनाहरु सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली २०६४ बमोजिम ठेक्का प्रणालि मार्फत गर्ने निर्णय गरियो ।

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

तपशिल

१.मार्सिवाङ खेल मैदान निर्माण माण्डवी गा.पा.-३

२.कलुवा बगर र पारथुंगाफाट नदि नियन्त्रण माण्डवी गा.पा.-५

३.नयाँगाउँ वडा कार्यालय देखि उदयपुरकोट जोड्ने सडक निर्माण माण्डवी गा.पा. वडा नं.-३ र ४

४.गाउँपालिका कार्यालय जोड्ने सडक कालोपत्रे आयोजना माण्डवी गा.पा.-३

निर्णय नं.४ः-प्रस्ताव ४ माथि छलफल गर्दा "घ"वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने प्रयोजनका लागि कागजात तथा प्रक्रिया सम्बन्धमा जाँचबुझ गर्न गठित समितिको सिफारिसका आधारमा तपशिलको निर्माण व्यवसायिलाई "घ"वर्गको इजाजतपत्र दिने निर्णय गरियो ।

तपशिल

१.स्वइच्छा निर्माण सेवाः-ऐरावती २ उखुवारी ।

...................
प्रमाणित गर्ने
शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत